






## कार्यक्रमबाट अपेक्षित उपलब्धीहरू:

- संरक्षण योजनाका लागि पर्यावरणीय सेवा सम्बन्धी सूचना संग्रह र प्रयोग गर्नमा संस्थाको क्षमता अभिबृद्धि हुनेछ।
- नेपाल लगायत विश्वका अन्य राष्ट्रहरूबीच पर्यावरणीय सेवा सम्बन्धी सूचना आदान प्रदान हुनेछ।
- नेपालका तीन प्रमुख महत्वपूर्ण पन्छी क्षेत्रहरूका, अध्ययन भएका आधारमा राष्ट्रिय प्रतिवेदन तयार हुनेछ।
- पर्यावरणीय सेवालाई कायम राखी जैविक विविधता महासन्धिको उद्देश्य प्राप्ति हुनेछ।







थप जानकारीका लागि


**नेपाल पन्छी संरक्षण संघ**

पोष्ट ब नं. १२४६५, लाजिम्पाट, काठमाडौं, नेपाल

फोन: ४४१७८०५, ४४२०२१३, फ्याक्स: ००९७७ १ ४४१३८८४

इमेल: bcn@mail.com.np, वेब: www.birdlifenepal.org



---

*कार्यक्रमका सहयोगी संस्थाहरू*

---

# डार्विन इकोसिष्टम सर्भिसेज प्रोजेक्ट





**उचित जैविक विविधता संरक्षणका लागि पारिस्थितिक सेवाहरूको जानकारी, मूल्याङ्कन र अनुगमन**


**Understanding, Assessing and Monitoring Ecosystem Services for Better Biodiversity Conservation**

नेपाल पंछी संरक्षण संघ

*Bird Conservation Nepal*

## पारिस्थितिक सेवाको महत्व

परापूर्व कालदेखि वातावरणीय स्रोतबाट विभिन्न प्रकारका वस्तु र सेवा मानव जातिले प्राप्त गर्दै आएको छ। खाद्यान्न, घाँसदाउरा, जडीबुटी, पानी, अक्सिजन जस्ता विभिन्न वस्तु र सेवाहरू वातावरणीय स्रोतले प्रदान गर्छ।



कच्चा पदार्थ



स्वच्छ पानी



आध्यात्मिक



परागसेचन




कार्बन संचितिकरण



पर्यटन

यस्ता वातावरणीय वा पारिस्थितिक सेवाहरूलाई चार श्रेणीमा विभाजन गरेको पाइन्छ।







पारिस्थितिक प्रणालीबाट उपलब्ध हुने पोषकतत्वको चक्र माटो निर्माण र प्रारम्भिक उत्पादन सहायक सेवा (Supporting services) अन्तरगत पर्दछन् । वातावरणबाट प्राप्त हुने खाद्यान्न, स्वच्छ पानी, काठदाउरा, बायोकेमिकल्स्, वंशानुगत स्रोतहरू, व्यवस्थापकीय सेवा (Provisioning services) अन्तरगत पर्दछन् । जलवायुको नियमन, रोग आदिको नियमन, जलको नियमन र पानीको शुद्धीकरण नियमन सेवा (Regulating services) अन्तर पर्दछन् । वातावरण वा पारिस्थितिक प्रणालीबाट प्राप्त गरिने आध्यात्मिक तथा धार्मिक, सौन्दर्य (Aesthetic) प्रेरणा, शैक्षिक पक्ष जस्ता अभौतिक कुराहरू सांस्कृतिक सेवा (Cultural services) अन्तरगत पर्दछन् ।


खाद्यान्न, पानी, उर्जा र कच्चा पदार्थ माथिको मानवीय आकर्षणले प्रजाति, स्थल र बासस्थानमाथि दवाब सिर्जना भएर जैविक विविधताको बिनाश भएको छ जसले गर्दा पारिस्थितिक प्रणालीको क्षति भई पारिस्थितिक सेवाबाट बन्चित हुनुपरेको छ । मानवका लागि पर्यावरणीय सेवाहरूको महत्व हुनुका साथै तिनीहरूको चिन्ताजनक बिनाश भएता पनि जैविक विविधता संरक्षण र पर्यावरणीय सेवासँगै लानेबारे जानकारी दिनको लागि सूचनाको अभाव रहेको छ ।

# डार्विन/बर्डलाइफ तथा नेपाल पन्छी संरक्षण संघको पर्यावरणीय सेवा कार्यक्रम

उत्कृष्ट जैविक विविधता संरक्षणका लागि पर्यावरणीय सेवा जान्नु, मूल्याङ्कन गर्नु र अनुगमन गर्नु' (Understanding, Assessing and Monitoring of ecosystem services for better biodiversity conservation) नामक डार्विन इनिसियटिभ परियोजना बर्डलाइफको सहयोगमा नेपाल पन्छी संरक्षण संघले तीनवटा महत्वपूर्ण पन्छी क्षेत्रमा कार्यान्वयन गर्दैछ । अप्रिल २०१० दखि मार्च २०१३ सम्म, तीन वर्षको लागि सन्चालन हुनेछ । जैविक विविधताका लागि प्राथमिक क्षेत्रहरूको संरक्षणद्वारा प्रदान गरिएको पर्यावरणीय सेवाहरू बुझ्ने, मापन गर्ने र अनुगमन गर्ने स्थल केन्द्रित, सहभागितामूलक र सरल विधि निर्माण गर्नमा यो कार्यत्रम केन्द्रित रहनेछ । यसको प्रयोग नेपाल पन्छी संरक्षण संघले गर्नेछ र ११४ राष्ट्रका सबै बर्डलाइफ पार्टनर संस्थाहरूले यसको मार्गदर्शन गर्नेछन् ।


पर्यावरणीय सेवालाई लाभदायी बनाई राख्नु Convention on Biological Diversity (CBD) को आधारभूत उद्देश्य हो जुन पारिस्थितिकीय प्रणालीको सिद्धान्तहरूको आवेदन गर्न र पर्यावरणीय सेवालाई स्थिर राख्नको लागि अतिरिक्त प्रयास गर्न सबै पार्टीहरूलाई प्रतिबद्ध गराउँछ । क्षेत्र स्तरमा पर्यावरणीय सेवाको मापन र अनुगमन गर्नका लागि सरल र सस्तो विधि प्रदान गरी, नेपाल र विकासोन्मुख संसारका अरू CBD पार्टीहरूलाई तिनीहरूको CBD दायित्वका बारेमा सूचना दिन र उक्त दायित्व पुरा गर्न, सहयोग गर्ने ठोस कदम सार्नेछ । यो परियोजनाले आर्टिकल ६ (मुख्यत: संरक्षण र दिगो प्रयोगका लागि सामान्य उपाय) माथिको नेपालको कार्यान्वयन सुधार गर्न महत्वपूर्ण योगदान गर्नेछ ।





# कार्य क्षेत्र (महत्वपूर्ण पन्छी क्षेत्रहरू)

नेपालमा २७ वटा महत्वपूर्ण पन्छी क्षेत्रहरू (Important Bird Areas, IBAs) छन् । पूर्वदखि पश्चिम नेपालसम्म छरिएर रहेका यी महत्वपूर्ण पन्छी क्षेत्रहरू दुर्लभ पन्छी पाइने, सिमित क्षेत्र प्रजाति पाइने र बासस्थानका आधारमा क्षेत्र निर्धारण गरिएको छ । यस परियोजनाका निम्ति बेग्लाबेग्लै महत्व बोकेका तिनवटा महत्वपूर्ण पन्छी क्षेत्रहरू छानिएका छन ।




## शिवपुरी राष्ट्रिय निकुन्ज

१९८५ मा वन्यजन्तु आरक्षका नामले स्थापना भएको यस क्षेत्र २००३ मा राष्ट्रिय निकुन्जमा परिवर्तन भएको हो । पानीको स्रोत यस क्षेत्र वनजङ्गलको पनि उत्तिकै धनी छ । व्यापक सल्लाले ढाकेको यहाँको वनमा उत्तिस, कटुस, चिलाउने पनि पाइन्छन् ।

यहाँ ३१८ पन्छी प्रजातिहरू पाइन्छन् । अति सङ्कटापन्न (डङ्गर गिद्ध) र संवेदनशील (सेतो कण्ठे धिप्सी) गरी दुईवटा विश्वमै दुर्लभ पन्छी प्रजातिहरूका साथै तीनवटा सिमित क्षेत्र प्रजातिहरू पनि यहाँ पाइन्छन् । अन्य वन्यजन्तुहरूमा ढेँडु बाँदर, चितुवा र मृग पाइन्छन् । आन्तरिक र बाह्य पर्यटकका लागि यो क्षेत्र ज्यादै नै महत्वपूर्ण मानिन्छ ।

## कोशीटप्पु वन्यजन्तु आरक्ष

नेपालको पूर्व दक्षिण भागमा पर्ने रामसारमा सूचिकृत जलासय भएको यो संरक्षित क्षेत्र १९७६ मा स्थापना भएको हो । १७५०० हेक्टर क्षेत्रफल ओगटेको यो ठाउँ नेपालको सबैभन्दा बढी पन्छी पाइने महत्वपूर्ण पन्छी क्षेत्र हो । कोशी टप्पु वन्य जन्तु आरक्षको करिब ७० प्रतिशत भूभाग घाँसे मैदानले ढाकेको छ जुन बाढीको समयमा नासिने गर्दछ । आरक्ष क्षेत्रको छेउ छेउमा खयर र सिसौका रूखहरूले ओगटेको छ ।

यस महत्वपूर्ण पन्छी क्षेत्रमा ४९० प्रजातिका पन्छीहरू पाइन्छन् । अन्य वन्यजन्तुहरूमा अर्ना, डल्फिन, ओत, घडियाल र मगर गोही पर्दछन् ।

## रारा राष्ट्रिय निकुन्ज

नेपालको उत्तर पश्चिम भागमा अवस्थित रारा राष्ट्रिय निकुन्ज नेपालको सबैभन्दा सानो संरक्षित क्षेत्र हो । १०,६०० हेक्टर क्षेत्रफलमा रहेको यो निकुन्ज नेपालको सबैभन्दा ठुलो ताल राराको लागि प्रसिद्ध छ । हिमाली भेगमा अवस्थित यो क्षेत्र प्राकृतिक सौन्दर्यको धनी छ । यहाँको वन सल्ला, उत्तिस, जुनिपर र गुँरासले ढाकिएको छ । हिउँले ढाकिएका पहाड र ताल वरिपरीको कोणधारी जङ्गलले यो क्षेत्रको विशेष सुन्दरता झल्काएका छन ।

यहाँबाट २३५ प्रजातिका पन्छीहरू सूचिकृत गरिएका छन । दुईवटा विश्वमै दुर्लभ पन्छी र तीनवटा सिमित पन्छी प्रजाति भएको यस क्षेत्र नेपालको उच्च स्थानमा रहेको सुन्दर महत्वपूर्ण पन्छी क्षेत्र हो । संवेदनशील सूचीमा रहेको पन्छी चीरका लागि यो क्षेत्र महत्वपूर्ण छ । यसका अलावा यहाँ अन्य वन्यजन्तुहरूमा हाब्रे, कालो भालु, कस्तुरी मृग पाइन्छन ।